## गाउँसभाको १४ औं अधिवेशन

## प्रस्ताव तथा निर्णयहरु:-

**१) आगामी आ.व. को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।**

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा गाउँपालिका उपाध्यक्ष वीरेन्द्र राईज्यूबाट प्रस्तुत आगामी आ.व. ०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम सभाबाट पारित गरियो

**२) चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रमको समीक्षा सम्बन्धमा।**

आ.व. ०८०/०८१ मा गाउँपालिकाले क्षेत्रगत रुपमा विनियोजित बजेटबाट कार्यक्रम संचालन भईरहेको, संझौता भई संचालन भईरहेका योजनाहरुको निर्माण कार्य सम्पन्न भई निकासा प्रकृयामा रहेकोले मिति २०८१ आषाढ ०९ गते सम्ममा तपसिल बमोजिमको प्रगति रहेको र आषाढ २० सम्ममा लक्ष्यअनुरुपको कार्य प्रगति गर्ने गराउने।

तपसिल:-

गाउँपालिका तर्फ:-

| | |
|---|---|
| क) आर्थिक विकास | ४३ प्रतिशत |
| ख) सामाजिक विकास | ६९ प्रतिशत |
| ग) पूर्वाधार विकास | २९ प्रतिशत |
| घ) सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | ३७ प्रतिशत |
| ङ) कार्यालय संचालन तथा प्रशासनिक | ६१ प्रतिशत |

वडाकार्यालय तर्फ:-

| | |
|---|---|
| क) वडा नं. १ - | ५९ प्रतिशत |
| ख) वडा नं. २ - | ९७ प्रतिशत |
| ग) वडा नं. ३ - | ८५ प्रतिशत |
| घ) वडा नं. ४ - | ६८ प्रतिशत |
| ङ) वडा नं. ५ - | ६२ प्रतिशत |
| च) वडा नं. ६- | ६६ प्रतिशत |
| छ) वडा नं. ७- | ४० प्रतिशत |
| ज) वडा नं. ८- | ८१ प्रतिशत |

समग्रमा:-

पुँजीगत- ३५ प्रतिशत

चालु- ६८ प्रतिशत

७) कार्यपालिकाको हालसम्मको बैठकको निर्णय अनुमोदन सम्बन्धमा।

यस आ.व. मा कार्यपालिकाको १९ औं बैठकसम्म भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

८) कर्मचारी प्रोत्साहन सम्बन्धमा।

कार्यसम्पादन मूल्यांकनको आधारमा प्रोत्साहन भत्ता निर्देशिका, २०७६ अनुसार कर्मचारीहरुको प्रोत्साहन भत्तालाई निरन्तरता प्रदान गर्ने।

९) म.ले. प. प्रतिवेदन सम्बन्धमा।

आ.व. २०७९/०८० मा महालेखा परीक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदन सभामा प्रस्तुत गर्दा उक्त प्रतिवेदनले औंल्याएको बेरुजु रकमको हंकमा अशुल उपर लाई अनिवार्य अशुल गराउने, प्रमाण पेशलाई पेश गराउने र नियमित गर्नुपर्नेमा नियमित गर्ने गराउने निर्णय गरियो।

१०) स्थानीय शिक्षा ऐनमा संशोधन।

स्थानीय शिक्षा ऐन २०८० मा भएको व्यवस्थालाई मिति २०८१ साल आषाढ ११ देखि लागू हुने गरी निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

| ऐनमा भएको व्यवस्था | संशोधन गरिएको व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|
| अन्तर स्थानीय तह वा अन्तर जिल्ला सरुवाको लागि सरुवा भईजान चाहेको विद्यालय र सम्बन्धित स्थानीय तहको कार्यालय तथा आफू सेवारत विद्यालयको सरुवा सहमतिको सिफारिस सहित निवेदन पेश हुन आएमा र सामान्यतया २ वर्ष स्थायी सेवा अवधि पूरा भएको शिक्षकलाई सरुवाको सहमति दिइने छ (दफा २५)। | अन्तर स्थानीय तह वा अन्तर जिल्ला सरुवाको लागि सरुवा भईजान चाहेको विद्यालय र सम्बन्धित स्थानीय तहको कार्यालय तथा आफू सेवारत विद्यालयको सरुवा सहमतिको सिफारिस सहित निवेदन पेश हुन आएमा र सामान्यतया १ वर्ष स्थायी सेवा अवधि पूरा भएको शिक्षकलाई सरुवाको सहमति दिइने छ (दफा २५)। | शिक्षा ऐन, २०२८ को दफा ९९ को उपदफा २ को खण्ड (२क) मा स्थायी नियुक्ति भएको एक वर्ष पछि सरुवा सहमति पाउने व्यवस्था भएकोले सोही बमोजिम हुन मनासिव ठानिएकोले |
| विद्यालयले कार्यपालिकाले निर्धारण गरे बमोजिम एक शैक्षिकसत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवैगरी बढीमा ४० (चालीस) दिनसम्म बिदा दिन सकिनेछ (दफा ४९ को उपदफा २) | विद्यालयले कार्यपालिकाले निर्धारण गरे बमोजिम एक शैक्षिकसत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवैगरी बढीमा ४५ (पैतालिस) दिनसम्म बिदा दिन सकिनेछ (दफा ४९ को उपदफा २) | शिक्षा ऐन, २०२८ को दफा ८५ को उपदफा ३ मा पैंतालिस दिन बन्द रहने व्यवस्था भएकोले सोही बमोजिम हुन मनासिव ठानिएकोले |

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भैंसीपण्डे, भोजपुर कोशी प्रदेश, नेपाल

**११) आ व.२०८१/०८२ का लागि आर्थिक विधेयक प्रस्तुति ।**

गाउँपालिका उपाध्यक्ष वीरेन्द्र राईबाट प्रस्तुत आर्थिक विधेयक, २०८१ सभाबाट पारित गरियो ।

**१२) आ व.२०८१/०८२ का लागि विनियोजन विधेयक प्रस्तुति ।**

गाउँपालिका उपाध्यक्ष वीरेन्द्र राईबाट प्रस्तुत विनियोजन विधेयक, २०८१ सभाबाट पारित गरियो ।

१३) स्थानीय रोजगार रणनीतिक योजना २०८१ सभाबाट पारित गरियो ।

**१४) आ.व. २०८१/०८२ को वार्षिक बजेट प्रस्तुति ।**

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक गाउँपालिका उपाध्यक्षज्यूबाटं आ.व. २०८१/०८२ को लागि निम्नानुसारको अनुमानित आम्दानी तथा खर्च सहितको वार्षिक बजेट रु. **४९,८२,६२,०००।–** (अक्षरुपीः उनान्पचास करोड बयासी लाख बैसठी हजार) सभामा पेश भई व्यापक रुपमा छलफल पश्चात सर्वसम्मत रुपबाट पारित गर्दै साँझ ७:०० बजे गाउँ सभाको १४ औं अधिवेशन अन्त्य गरियो ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल